# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

बर्ष ५ अङ्क २ फागुन २०७९

## राष्ट्रिय मानव अधिकार आयोगद्वारा यु.एन.वुमन र यु.एन.एफ.पी.ए.सँग समझदारीपत्रमा हस्ताक्षर







राष्ट्रिय मानव अधिकार आयोगले महिलाको मानव अधिकार संरक्षणार्थ यु.एन.वुमन (UNWOMEN) र यु.एन.एफ.पी.ए. (UNFPA) सँग छुट्टाछुट्टै समझदारीपत्रमा हस्ताक्षर गरेको छ । आयोगका का.मु. सचिव मुरारिप्रसाद खरेल र यु.एन.वुमनका तर्फबाट प्रमुख Ms. Navanita Sinha र यु.एन.एफ.पी.ए. का तर्फबाट प्रमुख Ms. Won Young Hong बीच २०७९ माघ ९ मा छुट्टाछुट्टै कार्यक्रममा हस्ताक्षर भएको हो ।

समझदारीपत्रमा विशेष गरी लैङ्गिक समानता, प्रजनन् स्वास्थ्यको अधिकार, महिला हिंसा न्यूनीकरण तथा महिला अधिकारका विभिन्न विषयमा दुई पक्षबीच समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने उल्लेख गरिएको छ । त्यसैगरी, महिला अधिकारको संरक्षणका लागि विश्वव्यापी आवधिक समीक्षा (UPR) तथा संयुक्त राष्ट्रसङ्घीय विभिन्न समितिहरूबाट नेपाललाई प्राप्त सिफारिसको कार्यान्वयन अवस्था र मानव अधिकारका विषयमा प्रभावकारी अनुगमन गर्न क्षमता सवलीकरण गर्ने विषय उल्लेख छ । प्रमाणमा आधारित अनुगमन र अनुसन्धानमार्फत नेपाल सरकार तथा सरोकारवाला निकायलाई महिला अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि क्षमता अभिवृद्धि र जवाफदेही

बनाउने लगायतका सवालहरू पनि समझदारी पत्रमा समावेश छन् ।

हस्ताक्षर कार्यक्रममा बोल्दै आयोगका माननीय अध्यक्ष तप बहादुर मगरले यसबाट लैङ्गिक हिंसा, प्रजनन् स्वास्थ्य, बालविवाह तथा महिला अधिकारका विभिन्न विषयमा प्रभावकारी रूपमा कार्य गर्न थप सहयोग पुग्ने बताउनुभयो । आयोगका माननीय अध्यक्ष तप बहादुर मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा आयोगका माननीय सदस्यहरू, कामु सचिवलगायत आयोगका कर्मचारीहरू, यु.एन.वुमन र यु.एन.एफ.पी.ए.का कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## हवाई सेवालाई सुरक्षित बनाउन आयोगको आग्रह




गत माघ १ गते काठमाडौँबाट पोखराको लागि उडेको यति एयरलाइन्सको चालक दलसहित ७२ जना सवार जहाज कास्कीको पोखरामा दुर्घटना हुँदा ७२ जनाको मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगले गहिरो दुःख व्यक्त गर्दै यस सङ्कटको घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ ।

विज्ञप्तिमा भनिएको छ, ‘हवाई दुर्घटनाका कारण जीवनको अधिकार हननसम्बनधी घटनाको आयोगले अनुगमन गरिरहेको छ । मानवीय क्षतिको दृष्टिकोणले उक्त दुर्घटना नेपालको आन्तरिक उडानमा हालसम्मकै सबैभन्दा ठूलो रहेको पाइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा हवाई उडानलाई नियमन गर्ने व्यवस्था छ । हवाई नीति, २०६३ ले उडान सुरक्षा एवम् हवाई सुरक्षामा सुदृढीकरण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारण गरिएको मापदण्ड तथा सिफारिसहरूको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक कानूनी र संस्थागत व्यवस्था गर्ने उल्लेख गरेको छ । त्यस्तै, हवाई सेवालाई विश्वसनीय र भरपर्दो बनाउन नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ । मन्त्रालयअन्तर्गत विभाग र प्राधिकरण क्रियाशील रहे पनि नियमनकारी निकायबाट उडान सुरक्षा एवम् हवाई सुरक्षालाई संवेदनशील रूपमा

लिई प्रभावकारी कार्य हुन नसक्दा नागरिकले ज्यान गुमाउनु परिरहेको दुःखद अवस्था छ । हवाई दुर्घटनाका सम्बन्धमा विभिन्न छानविन समितिहरूबाट प्राप्त सिफारिस कार्यान्वनलाई प्राथमिकता नदिईंदा एकातर्फ दुर्घटनाहरू बढिरहेको देखिन्छ भने अर्कोतर्फ पुराना विमानहरू खरिद र सञ्चालनमा प्रभावकारी नियमन हुन सकेको छैन । यसकारण हवाई यातायातमा जोखिम बढ्दै गइरहेको देखिन्छ ।'

अतः हवाई दुर्घटनाबाट नागरिकले ज्यान गुमाउनु परिरहेको अवस्थाप्रति संवेदनशील बन्दै हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउन तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनद्वारा निर्धारित मापदण्ड एवम् सिफारिसहरूको कार्यान्वयनमा जोड दिन आयोगले विज्ञप्तिमार्फत नेपाल

सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ । यसको साथै, घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन र हवाई दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारलाई उपयुक्त राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न/गराउन र सहज रूपमा बीमा रकम उपलब्ध गराउनसमेत आयोगले आग्रह गरेको छ ।

## मानसिक स्वास्थ्य र मानव अधिकार विषयक छलफल कार्यक्रम सम्पन्न



राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराको आयोजना तथा राष्ट्रिय मानसिक स्वास्थ्य स्वाबलम्बन संगठन(कोशिश) नेपालको समन्वय/सहकार्यमा मानसिक स्वास्थ्य र मानव अधिकारसम्बन्धी नीति, योजना, कार्यक्रम र कार्यान्वयनको अवस्था एवं भावी कार्ययोजना सम्बन्धमा सरोकारवाला निकायहरूबीच छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा स्वास्थ्य निर्देशनालय र सामाजिक विकास महाशाखाबाट मानसिक स्वास्थ्य एवं मानसिक तथा मनोसामाजिक अपाङ्गताको सम्बन्धमा प्रदेशस्तरका नीति, योजना, कार्यक्रम एवं कार्यान्वयनको अवस्था सम्बन्धमा प्रस्तुतीकरणसहित छलफल भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि एवं सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका स्वास्थ्य सचिव डा. विनोद विन्दु शर्माले मानसिक स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति र निर्देशिकाबमोजिम मानसिक स्वास्थ्यको सवालमा काम भइरहेको छ । उहाँले बढी समस्या भएको क्षेत्रमा कार्यक्रम केन्द्रित गरी मानसिक स्वास्थ्य समस्या आउन नदिनको लागि पूर्वतयारीका कार्यक्रम मन्त्रालयबाट सञ्चालन गर्ने जानकारी गराउनु-भएको थियो । प्रदेश सरकारले प्रदेश स्वास्थ्य नीति, २०७८ कार्यान्वयनमा ल्याएको जनाउँदै जिल्ला अस्पतालहरूबाट मानसिक स्वास्थ्यको अन्तरंग र बहिरंग सेवा बिस्तारमा मन्त्रालय लागेको उहाँको भनाइ थियो । अस्पतालहरूमा मनोचिकित्सकको आवश्यक दरबन्दी नहुँदा सेवा बिस्तारमा कठिनाइ भएको र समस्या समाधानतर्फ मन्त्रालय लागिसकेको भनी उहाँले जानकारी दिनुभयो ।

स्वास्थ्य निर्देशनालय, गण्डकीका निर्देशक खिमबहादुर खड्काले मानसिक स्वास्थ्यको सवालमा औषधीको साथसाथै परामर्शको पनि विशेष महत्त्व छ । यसतर्फ निर्देशनालयले आफ्ना नीति तथा कार्यक्रमलाई केन्द्रित गरेको र स्वास्थ्यकर्मीहरूलाई मानसिक स्वास्थ्यसम्बन्धी विभिन्न तालिम कार्यक्रममार्फत मानसिक स्वास्थ्य सेवा प्रवाहलाई वढाउँदै लगिएको जानकारी गराउनुभएको थियो । मानसिक स्वास्थ्यसम्बन्धी औषधीको उपलब्धता भएपनि आवश्यक दक्ष स्वास्थ्यकर्मी नहुँदा सेवाप्रवाहमा परेको कठिनाइलाई हटाउन निर्देशनालय लागिपरेको उहाँको भनाइ थियो । कोशिशका कार्यकारी निर्देशक मातृका देवकोटाले मानसिक स्वास्थ्य समस्या दिनप्रतिदिन बढ्दै गएको र यसले नागरिकको स्वस्थ्य भएर बाँच्न पाउने अधिकारमा आघात पुगेको भन्दै यसतर्फ सबै सरोकारवालाहरू गम्भीर भई लाग्नुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका मानसिक विभाग प्रमुख डा. लीपा वैद्य, प्रदेश स्वास्थ्य तालिम केन्द्र प्रमुख लगायतले मानसिक स्वास्थ्य सम्बन्धमा भएका कार्यक्रम र सेवा

प्रवाहमा आएका समस्या तथा चुनौतीहरूलाई उजागर गर्नुभएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय प्रमुख मायादेवी शर्माले मानसिक स्वास्थ्य समस्या बढ्दै गएको र राज्यले यसलाई जति प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने थियो, त्यसो हुन नसक्दा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूले सहज रूपमा सेवा प्राप्त गर्न नसकेको उल्लेख गर्नुभयो । उनीहरूको स्वास्थ्यको हक सुनिश्चित गर्नको लागि प्रदेश सरकार तथा स्थानीय तहहरू गम्भीर भएर लाग्न उहाँले आग्रह गर्नुभयो । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, आवास, रोजगार, खाद्य, स्वतन्त्र आवागमन लगायतका आधारभुत मानव अधिकारहरूको प्रत्याभुत हुन नसकेको भन्दै यसतर्फ सबै सरोकारवाला निकायहरू गम्भीर हुनुपर्नेमा जोड दिनुभएको थियो ।

आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख मायादेवी शर्माको अध्यक्षता र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका स्वास्थ्य सचिव डा.विनोद विन्दु शर्माको प्रमुख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्वास्थ्य निर्देशनालय, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, प्रदेश स्वास्थ्य तालिम केन्द्र, पोखरा महानगरपालिका लगायत मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसस्था, मानव अधिकारकर्मी, नागरिक समाज, पत्रकार लगायतको सहभागिता रहेको थियो ।

## चिकित्सकमाथि दुर्व्यवहार गर्नेलाई कारवाहीको दायरामा ल्याउन आयोगको आग्रह

मिति २०७९ माघ २७ गते संसदको दुवै सदनको संयुक्त बैठकलाई संबोधन गर्न सम्माननीय राष्ट्रपति शीतल निवासबाट संसद् भवन नयाँ वानेश्वर जाने/आउने क्रममा सुरक्षाकर्मीले सो मार्गमा सवारी साधन रोक्दा घण्टौं ट्राफिक जाम भएको थियो । यसबाट सर्वसाधारणले कष्ट व्यहोर्नुपरेको, बिरामी बोकेका एम्बुलेन्सहरूसमेत समयमै अस्पताल पुग्न नसकेको, बिरामीको उपचारका लागि अस्पताल जान लागेका चिकित्सकहरूमाथि समेत सुरक्षाकर्मीबाट कुटपीट र दुर्व्यवहार भएको थियो । चिकित्सकमाथि कुटपीटको घटनालाई लिएर चिकित्सकहरूले अस्पतालहरूमा उपचार सेवा बन्द गर्दा हजारौं बिरामीहरू उपचार सेवाबाट वञ्चित हुनुपरेको थियो । यी घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण हुनुको साथै घटनाको अनुगमन गरेको छ ।

विज्ञप्तिमा भनिएको छ, 'राज्यका विशिष्ट व्यक्तिको सवारीमा उचित सुरक्षा प्रबन्ध गर्नु सुरक्षा निकायको दायित्व हो । विशिष्ट व्यक्तिको सुरक्षा प्रबन्ध गर्दा बिरामी, गर्भवती, सुत्केरी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, आम सर्वसाधारण र उनीहरूले प्राप्त गर्ने सेवाप्रवाह भने प्रभावित हुनुहुँदैन । यसले नागरिकको स्वास्थ्य सम्बन्धी हक, स्वतन्त्रपूर्वक आवतजावत गर्न पाउने हक र समानताको हकसमेत प्रभावित हुन जान्छ ।'

आयोगले विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा समयसापेक्ष परिमार्जन गरी सवारी सुरक्षालाई चुस्त बनाउन, विशिष्ट व्यक्तिको सवारीका बेला आम सर्वसाधारणलाई पर्न सक्ने प्रभावबारे गम्भीर बन्न सरकारलाई आग्रह गरेको छ । घाइते चिकित्सकहरूको प्रभावकारी उपचारको व्यवस्था गर्न तथा उक्त घटनाको छानविन गरी चिकित्सकमाथि हातपात र दुर्व्यवहार गर्ने तथा निर्देशन दिने सुरक्षाकर्मीमाथि कारबाही गर्न आयोगले नेपाल सरकारलाई भनेको छ । यसको साथै, प्रहरी अनुसन्धानका क्रममा गरिने स्वास्थ्य परीक्षण समयमै नगर्दा प्रमाण लोपसमेत हुन सक्ने र समयमै उपचार नहुँदा गम्भीर प्रकृतिका बिरामीहरूको स्वास्थ समेत जोखिममा पर्ने हुँदा स्वास्थ सेवाजस्तो अत्यावश्यक सेवा बन्द नगर्न आयोगले सम्पूर्ण चिकित्सकहरूलाई समेत विज्ञप्तिमार्फत अनुरोध गरेको छ ।

## मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्थासम्बन्धी छलफल

आयोगको अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखाले कैलाली जिल्लामा २०७९/०९/१८–०९/२२ सम्म पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्थाको अनुगमन/छलफल कार्यक्रम सम्पन्न गरेको छ । उपसचिव मोहनदेव जोशी र मानव अधिकार अधिकृत पूर्णिमा राणासहितको टोलीले सरोकारवाला निकायसँग छलफल कार्यक्रम सम्पन्न गरेको थियो । सो कार्ययोजनाको



कार्यान्वयन अवस्थाबारे जिम्मेवार सरकारी निकाय तथा गैरसरकारी संस्थासँग अद्यावधिक तथ्य प्राप्त लिने उद्देश्यका साथ आयोजित सो कार्यक्रममा दुई कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्ययोजना कार्यान्वयन सम्बन्धमा आयोगबाट हालसम्म भएका पहल र प्राप्त तथ्यसहितको परिचयात्मक प्रस्तुतीकरण आयोगका उपसचिव श्री मोहनदेव जोशी र सुदुरपश्चित प्रदेशअन्तर्गतका सम्बन्धित मन्त्रालय र स्थानीय सरकारबाट सम्पन्न कार्यक्रम एवम् कार्ययोजना कार्यान्वयन अवस्थाबारेमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका निमित्त प्रमुख सचिव श्री गंगाबहादुर खरेलको प्रस्तुतीकरण रहेको थियो ।

–कार्ययोजनाको कायान्वयन अवस्थाबारे प्राप्त तथ्यको विश्लेषण गर्दा कार्ययोजना बमोजिम द्वन्द्वपीडितको लागि कुनै पनि कार्यक्रम हालसम्म नआएको, स्थानीय तहमा न्यायिक समितिका संयोजक नै कानूनबारे जानकार नरहेको पाइएको छ । स्वास्थ्य बिमा कागजमा मात्र सीमित रहेको, केन्द्रबाट नै बजेट विनियोजित नभएको भन्दै स्वास्थ्य कार्यालयबाट कारबाही अगाडि नबढेको अवस्था छ । सेवा प्रदायक स्वास्थ्य संस्था स्पष्ट किटान नहुँदा विमित विपन्न वर्ग पनि लाभान्वित हुन नसकेको देखिन्छ । यसअलावा लक्षित वर्गको लागि आएको बजेटको सही सदुपयोग हुन नसकेको, बालविवाह, लागुऔषध दुर्व्यसनीको समस्या चर्को रूपमा रहेको छ ।  यी सवालमा जिम्मेवारी निकाय पनि उदासीन देखिँदा समस्याहरू थप जटिल बन्दै गएको पाइन्छ । यी पक्षलाई बेलैमा सम्बोधन गर्नसरोकारवालाहरू सचेत हुनुपर्ने अवस्था छ ।

१२ माघ २०७९

**आत्मदाह गरेका प्रेमप्रसाद आचार्यको घटना सम्बन्धमा आयोगको ध्यानाकर्षण**

**सम्मानपूर्वक बाँच्न पाउने नागरिकको अधिकारको सुनिश्चितता गर्न आग्रह ।**

पेशा व्यवसायको बातावण नभएको एवम् राज्यका निकायहरुबाट न्याय नपाएको जस्ता विषयलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक गरी मिति २०७९ माघ ९ गते नयाँ बानेश्वरको संसद भवनअगाडि आत्मदाह गरी घाइते भएका इलामका प्रेमप्रसाद आचार्यको उपचारको क्रममा मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगका माननीय सदस्य लिली थापाले आजै पीडित परिवारका सदस्यसँग भेट गरी घटनाको बारेमा जानकारी लिनुका साथै कानूनी प्रक्रियामा सहजीकरणको पहल गर्नुभएको छ ।

आत्मदाह गर्नु अगाडि निजले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका बिषयहरु लोकतान्त्रिक शासन व्यवस्था अङ्गीकार गरेको राज्यको लागि अत्यन्त सोचनीय र संवेदनशील विषय रहेको छ । राज्यका संयन्त्रबाट नागरिकका समस्याहरु समयमै उचित रुपमा सम्बोधन हुन नसक्दा एउटा नागरिकले अत्मदाह गर्नुपर्ने अवस्था सिर्जना हुनु राज्यको लागि चिन्ताको विषय हो । सेवा प्रवाहमा ढिलासुस्ती, कानुन कार्यान्वयन र सुशासनको अभाव, गरिबी, वेरोजगारी र –राज्यका निकायको सामाजिक न्यायमा उदासिनता लगायतका विषयले यसप्रकारका घटनालाई बढावा दिने देखिन्छ ।

नेपालमा पछिल्लो समय आत्महत्याका घटनाहरुमा वृद्धि हुँदै गएको छ । रोजगारीको अभाव तथा पारिबारिक, आर्थिक, समाजिक, सांस्कृतिक, मानसिक स्वास्थ्य आदि कारणले थुप्रै नागरिकहरुले आत्महत्या गरिरहेको पाइएको छ । यस्ता घटनाले मानव अधिकारको विश्वब्यापी घोषणापत्र, १९४८ को धारा ३, नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ र नेपालको संविधानको धारा १६ को नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक र धारा २० को न्यायसम्वन्धी हकको हनन् हुन पुगेको देखिन्छ ।

अत: मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून र नेपालको संविधानले प्रत्याभूत गरेको कुनै पनि व्यक्तिको बाँच्न पाउने हक र न्याय सम्बन्धी हकको सुनिश्चिताका साथै पेशा व्यवसाय गर्ने र सम्पत्तिको संरक्षण गर्ने बातावरणको निर्माण गरी राज्यको नागरिकप्रतिको दायित्व पूरा गर्न, आत्मदाह गर्न बाध्य पार्नेलाई कुनै न कुनै रुपमा जिम्मेवार बनाउने गरी कानूनी संयन्त्र बनाउन तथा मानसिक स्वास्थ्य उपचार प्रणालीमा व्यापक सुधार गर्दै अस्पताल एवम् स्वास्थ्य चौकीहरुमा आवश्यक जनशक्ति र बजेटको व्यवस्थापन गर्न र यस्ता घटना न्यूनीकरणका लागि जनचेतना अभिबृद्धिका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता
(सहसचिब)

**"मानव अधिकारको वास्तविक रूप भनेको नागरिक सुखो हुनु र देश समद्ध रहनु हो"**


**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी

दुर्गा पोखरेल

पवन भण्डारी